जग्गा कायम भएकोमा उक्त जग्गा माथी सर्वोच्च अदालतमा ०६९-W.O.-००४८, २०७४-W.O.-०३६२ थान २ मुद्दा चलिरहेको र उक्त मुद्दा विचाराधिन अवस्थामा रहेकोले उल्लेखित जग्गा मुद्दा सहित विक्री गर्नुपरेकोले दोस्रो पक्ष समक्ष प्रस्ताव राख्दा उल्लेखित जग्गा मुद्दा सहित खरिद गर्न म दोस्रो पक्षलाई मंजुर भएकोले हामी दुवै पक्ष तपसिलमा उल्लेखित शर्त वन्देजमा रही करार ऐन २०५६ र अन्य सिर्जित ऐन कानुनको अधिनमा रही मा.पो.का.पर्सा अगाडी वसी यो करारनामाको कागज लेखि सही छाप गरी एक/एक प्रति लियौं दियौं । किनाराका सदर........................................................................................................

## तपसिल

शर्तहरुः-

१. हामी प्रथम पक्षहरुको बाबु, ससुरा स्व.जोखु साह कानुको नाउमा साविक जिल्ला पर्सा वीरगंज गहवा "क" श्रेणी रै.नं.५२ को १-१५-१८ जग्गा हाल २०४६ सालको शहरी नापी हुँदा जिल्ला पर्सा वी.उ.म.न.पा.वडा नं.२ सिट नं.०३९०-२३ कि.नं.११७ को ०९४८९.२१ वर्गमीटर र ऐ.ऐ.सिट नं.०३९०-२२ कि.नं.९७ को ०२६७४.८० व.मि.समेत १२१६४.०१ वर्गमिटर जग्गा कायम भएकोमा उक्त जग्गा माथी लेखिए अनुसार श्री सर्वोच्च अदालतमा मुद्दा विचाराधिन अवस्थामा रहेकोमा उक्त जग्गा मुद्दा सहित विक्री गर्न हामी प्रथम पक्षलाई मंजुर भएको र उक्त जग्गा मुद्दा सहित खरिद गर्न म दोस्रो पक्षलाई पनि मंजुर भएको छ ।

२. उल्लेखित जग्गा हामी प्रथम पक्षले रु.७,५०,००,०००/- अच्छरेपी सात करोड पचास लाखमा विक्री गरेका छौं । म दोस्रो पक्षले उक्त रकममा उल्लेखित जग्गा खरिद गरी लिएको छु ।

३. हामी प्रथम पक्ष मध्ये हरिनारायण गुप्ताले तपाई दोस्रो पक्ष संजय कुमार ठाकुरको नाउको नेपाल इन्भेष्टमेन्ट बैंक शाखा कार्यालय वानेश्वर काठमाण्डौको वचत खाताबाट भुक्तानी पाउने गरी चेक नं.२०१७००७४८५ बाट रु.१०,००,०००/- दश लाख प्रथम पक्ष मध्ये म सरस्वती सुवेद सल्यानीले पाउने चेक नं.२०१७००७४८७ बाट रु.५,००,०००/- पाच लाख र म प्रथम पक्ष मध्ये कै सुशिला सल्यानीले र किरण सल्यानीले चेक नं.२०१७००७४८८ बाट रु.५,००,०००/- र म प्रथम पक्ष मध्ये कै जगदीश नारायण साह कानुले रु.१०,००,०००/- दश लाख समेत गरी रु.३०,००,०००/- तीस लाख हामी प्रथम

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग

म.ले.प. ११
अनुसूची १०.१

ाम्दानी

६६०४/क

ड नं. 26270

# मालपोत कार्यालय, पर्सा, वीरगंज

मिति : ०६६/३/४

संजय ठाकुर बाट जम्मा रू. ६४०,१००/- मात्र
क्षरूपी ६,४०,००,०००/- वापत प्राप्त भयो ।

| शीर्षक नं. | विवरण | रकम | | जम्मा रकम |
|---|---|---|---|---|
| | | नगद | भौचर | |
| | [illegible] | ६४०,१००/- | | |
| | [illegible] | | | |
| | | | | |
| | | ६,४०,१००/- | जम्मा | |

ाउनेको सही :–

बुझिलिनेको सही :–
दर्जा :–

का.जि.का.म.न.पा.वडा नं.१३ मा वस्ने सरस्वती सुवेद सल्यानीको छोरा वर्ष ३० को विश्वास सल्यानी............................................................................................................१

जि.पर्सा वीरगंज म.न.पा.वडा नं.१० मा वस्ने वर्ष ४० को जगदीश नारायण साह कानुको छोरा वर्ष ४० को धर्म बहादुर..........................१

ऐ.ऐ.वस्ने जगदीश नारायण सा कानुको छोरा वर्ष ३५ को ओमबाबु.........................१

लेखकः-

अधिवक्ताः- अनिरुद्ध प्रसाद सिंह प्र.प.स.१२०७२

ईति सम्वत २०७५ साल आषाढ महिना गते रोज मा शुभम् ।.......................

Scanned with CamScanner

**विषयः- करारनामाः-**

लिखितम स्व.रक्षा साह कानुको नाती स्व.जोखु साह कानुको छोरा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१० वस्ने वर्ष ६४ को जगदिश नारायण सा कानु (ना.प्र.नं. १६०३०७९३/मिति २०३६/०१/१६ पर्सा)...१, स्व.रक्षा साह कानुको नाती बुहारी स्व.जोखु साह कानुको छोरा बुहारी का.जि.का.म.न.पा. वडा नं.१३ मा वस्ने स्व.गंगा विष्णु सत्यानीको श्रीमती वर्ष ३९ कि सरस्वती सुवेदी सल्यानी (ना.प्र.नं.२४०८४/मिति २०३९/११/५ जि.प्र.का. मकवानपुर)....१ ऐ.को नाती बुहारी ऐ.को छोरा बुहारी ऐ.को श्रीमती ऐ.ऐ.वस्ने वर्ष ६८ की सुशिला सल्यानी (ना.प्र.नं.१५७/मिति २०३३/११/१७ जि.प्र.का.काठमाण्डौ)..१ स्व.रक्षा साह कानुको नाती जोखु साह कानुको छोरा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१० मा वस्ने वर्ष ५७ को हरिनारायण गुप्ता समेत जना ४ लाई यस करारनामामा प्रथम पक्ष भनी सम्बोधन गरिने...

हुन्नु ठाकुरको नाती जगन्नाथ ठाकुरको छोरा जिल्ला सर्लाही गहिया गा.वि.स.वडा नं.३ को परिवर्तित बलरा न.पा.वडा८ वस्ने वर्ष ४४ को संजय कुमार ठाकुर (ना.प्र.नं.३०३०१९७८ मिति २०४८/१०/२८ जि.प्र.का.सर्लाही) जसलाई यस करारनामामा दोस्रो पक्ष भनी सम्बोधन गरिने.......................................................................................................

आगे हामी प्रथम पक्षहरुको बाबु, ससुरा स्व.जोखु साह कानुको नाउमा साविक जिल्ला पर्सा वीरगंज गहवा "क" श्रेणी रै.नं.५२ को १-१५-१८ जग्गा हाल २०४६ सालको शहरी नापी हुँदा जिल्ला पर्सा वी.उ.म.न.पा.वड़ा नं.२ सिट नं.०३९०-२३ कि.नं.११७ को ०९४८९.२१ वर्गमीटर र ऐ.ऐ.सिट नं.०३९०-२२ कि.नं.९७ को ०२६७४.८० व.मि.समेत १२१६४.०१ वर्गमिटर

हरिनारायण सुशीला देवी सल्यानी

पक्षहरुले तपाई दोस्रो पक्ष संजय कुमार ठाकुरसँग बैना लिई सकेका छौं बैना बुझेको भरपाई उल्लेखित चेक र यो कागज समेतलाई जनाउछ ।

४. आजका मिति देखि उक्त मुद्दामा लाग्ने सम्पूर्ण खर्च म दोस्रो पक्षले एकलौटी ब्यहोर्ने छु । तपाई प्रथम पक्षहरुलाई कुनै खर्च ब्यहोर्नु पर्दैन ।

५. तपाई दोस्रो पक्षलाई हामी प्रथम पक्षले उक्त मुद्दा लड्नका लागि साधारण वारेस आवश्यक परे अधिकृत वारेसनामा समेत गरिदिने छौं ।

६. हामी प्रथम पक्षहरुले तपाई दोस्रो पक्षको सहमती वेगर माथि उल्लेखित जग्गा अन्य व्यक्तिहरुलाई बिक्री हस्तान्तरण गर्न पाउने छैन र यस पछि अन्य व्यक्ति वा पक्षसँग यसै विषयमा करार सम्झौता समेत गर्न पाउने छैन भने यस अघि भएको करार सम्झौता समेतलाई कानुनी रुपमा नै रद्द गर्न गराउन पहल गरी रद्द खारेज गर्ने हामी प्रथम पक्षहरुले शर्त मन्जुर गर्दछौं र त्यस्को सम्पूर्ण जिम्मेवारी समेत हामी प्रथम पक्षहरु कै हुनेछ ।

७. मुद्दाको अन्तिम किनारा भई हामी प्रथम पक्षका नाउमा जग्गा धनी प्रमाण पुर्जा प्राप्त भएको ७ दिन भित्रमा हामी प्रथम पक्षहरुले तपाई दोस्रो पक्षसँग बुझी लिएको बैनाको रकम कटाई बाँकी रहेको रु.७,२०,००,०००/- सात करोड विस लाख बुझी उल्लेखित जग्गा तपाई दोस्रो पक्ष संजय कुमार ठाकुरको नाउमा लेखत पारित गरी दिने छौं वा तपाई दोस्रो पक्षले चाहेका व्यक्तिहरुको नाउमा लेखत पारित गरी दिनेछौं ।

८. हामी प्रथम पक्षहरुले सो समयमा बाँकी रुपैया बुझ्न इन्कार गरी लिखत पारित गर्न इन्कार गरेको खण्डमा तपाई दोस्रो पक्षले बाँकी रुपैया सम्वन्धित अड्डा अदालतमा धरौट राखी शर्त करार बमोजिम उल्लेखित जग्गा तपाई दोस्रो पक्षले आफ्नो नाउमा दा.खा.दर्ता गराई लिनुहोला ।

९. यस करारनामाको अवधि करारको उद्देश्य पुरा नभए सम्म कायम रहनेछ । करारको उद्देश्य पुरा भए पश्चात यो करारनामा स्वतः रद्द भएको मानिनेछ तर ३ वर्ष भित्र करारको उद्देश्य पुरा नभएमा प्रतिवर्ष सम्पूर्ण रकममा १० प्रतिशत थप्न म दोस्रो पक्षले मंजुर गर्दछु ।

१०. करारनामामा उल्लेखित शर्तहरु दुवै पक्षले पालना गर्नुपर्ने छ । करारनामामा उल्लेखित शर्तहरु कुनै पक्षले उलंघन गरेमा मार्का (असर) पर्ने पक्षले करार ऐन २०५६ तथा